# साप्ताहिक
## (बुधवार प्रकाशित हुने)

| वर्ष २४ | २०६३ फागुन १६ गते | अंक ३० |
| --- | --- | --- |
| YEAR 24 | FEBRUARY 28, 2007 | NO. 30 |

**उम्मेदवारहरुलाई विशेष जानकारी**

लोक सेवा आयोगका दरखास्त फाराम र पाठ्यक्रम आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरु, अञ्चल कार्यालयहरु र साझा प्रकाशनका शाखा, प्रशाखा मार्फत बिक्री वितरणको व्यवस्था गरिएको छ । यस आयोगबाट तयार भई प्रकाशित फाराम र पाठ्यक्रमहरु मात्र आधिकारिक हुन् ।

## विषयसूची

पृष्ठ

१. परीक्षा सम्बन्धी सूचना २
(क) स्वास्थ्य सेवाको समूह, उपसमूह परिवर्तनको परीक्षा सम्बन्धी सूचना (दसौं तह)

२. सिफारिश सम्बन्धी सूचना २
(क) स्वास्थ्य, जनरल हेल्थ सर्भिसेजबाट सोही सेवाको सर्जरी समूह,
अर्थोपेडिक सर्जरी उपसमूहको दसौं तहमा समूह परिवर्तन

३. विविध २
(क) बोलपत्र आह्वान सम्बन्धी सूचना
(ख) अस्थायी सिफारिश सूचना

सर्वाधिकार आयोगमा सुरक्षित
जि.का.काठमाडौं द.नं. २६/०४०-४१
प्रकाशन - ५०० प्रति
म.क्षे.हु.वि.द.नं. ५६/०४९-५०

## केन्द्रीय कार्यालय, कमलपोखरी

### परीक्षा सञ्चालन शाखा

### समूह, उपसमूह परिवर्तनको परीक्षा सम्बन्धी सूचना

**सूचना नं. १७९/०६३-६४**

स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूह (दशौं तह) मा कार्यरत चिकित्सक क्रमशः डा.ऋषिकान्त अधिकारीको सोही सेवाको अप्थल्मोलोजी समूहमा र डा.बसन्त सिंह तुम्वाहाम्फेको सर्जरी समूह, जनरल सर्जरी उपसमूहमा समूह/उपसमूह परिवर्तन गर्न लिखित परीक्षा लिने भनी आयोगबाट निर्णय भएको हुँदा मिति २०६४।१।३ गतेका दिन २.०० बजे आयोगको केन्द्रीय कार्यालय, कमलपोखरीमा लिखित परीक्षा सञ्चालन हुने व्यहोरा जानकारी गराइन्छ ।

## सिफारिश सम्बन्धी सूचना

आयोगको सूचना नं. १३२/०६२-०६३, स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूह दशौं तहबाट सोही सेवाको समानस्तरको सर्जरी समूह, अर्थोपेडिक सर्जरी उपसमूह, अर्थोपेडिक सर्जन (समूह परिवर्तन) का लागि लिइएको अन्तर्वार्तामा उपस्थित उम्मेदवार संख्या १ (एक) को लिखित परीक्षा तथा अन्तर्वार्ता समेतबाट देहाय बमोजिम योग्यताक्रम कायम हुन आएकोले नियुक्तिको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिश गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## केन्द्रीय कार्यालय, कमलपोखरी

### अन्तर्वार्ता तथा सिफारिश शाखा

**सूचना नं. १७८/०६३-६४**

| सि.नं. | रोल नं. | नाम, थर |
|---|---|---|
| १ | ८५००१ | गणेशबहादुर गुरुङ |

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, कमलपोखरी

### प्रशासन तथा निरीक्षण शाखा

### सवारी साधन खरिद सम्बन्धी बोलपत्र आह्वान

**सूचना नं. १६१/०६३-६४**

**गोरखापत्रमा दोस्रो पटक प्रकाशित मिति २०६३।११।१० गते**

यस आयोगका लागि आवश्यक सवारी साधन कार (car) शिलबन्दी बोलपत्रद्वारा खरिद गर्न मिति २०६३।१०।४ गतेको गोरखापत्रमा ३० दिनको म्याद दिई सूचना प्रकाशित भएकोमा आवश्यकतानुसारको शिलबन्दी बोलपत्र पर्न नआएकोले प्राप्त हुन आएको शिलबन्दी बोलपत्रलाई कायमै राखी ख्याति प्राप्त कम्पनी वा निर्माता कम्पनीको अधिकृत प्रतिनिधि बिक्रेताहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस आयोगमा देहाय बमोजिम रित पुऱ्याइएको शिलबन्दी बोलपत्र पुनः आह्वान गरिएको छ ।

## बोलपत्र सम्बन्धी विवरण

(१) कार स्वीकृत स्पेशिफिकेशन बमोजिम निम्न अनुसार हुनेछ ।
   (क) कार १३०० सि.सि. देखि १५०० सि.सि. सम्मको १ (एक) थान ।
(२) स्पेशिफिकेशनमा उल्लेख भएका Optional Item को अलग अलग मूल्य अंकित गर्नु पर्नेछ ।
(३) बोलपत्र फाराम रु. १५००।- (फिर्ता नहुने) आयोगको बिक्री काउण्टरमा जम्मा गरी सो को सक्कल भौचर पेश गरेपछि प्राप्त गर्न सकिनेछ ।
(४) बोलपत्र साथ आफूले कबुल गरेको कूल अङ्कको २.५ प्रतिशत रकम नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं १३१४४६।०६३ मा जम्मा गरेको सक्कल भौचर वा यस आयोगको नाममा जारी गरिएको १८० दिन म्याद भएको बैंक जमानी पत्र (बीडवण्ड) संलग्न गरेको हुनु पर्ने छ ।
(५) बोलपत्र साथ अधिकृत प्रतिनिधि बिक्रेताको र आयकर एवं मूल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्रको नविकरण भएको प्रतिलिपि समेत संलग्न हुनु पर्नेछ ।
(६) म्याद भित्र पर्न आएका बोलपत्रहरु यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजे यस आयोगमा खोलिनेछ । सो दिन विदा परे सो को भोलिपल्ट सोही समयमा खोलिनेछ ।
(७) बोलपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
(८) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।
(९) सवारी साधनको स्पेशिफिकेशन बोलपत्र फारामसाथ प्राप्त हुनेछ ।
(१०) रीत नपुगी र म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
(११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने र संख्या थप घट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहनेछ ।
(१२) स्वीकृत बोलपत्र दाताले स्वीकृत कबूल अंकको ५ प्रतिशत रकम यस आयोगको उल्लेखित धरौटी खातामा रकमजम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्ने ।
(१३) अन्य केही कुरा बुझ्नु परेमा यस आयोगको प्रशासन तथा निरीक्षण शाखामा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

# अस्थायी सिफारिश सूचना

विज्ञापन अनुसार अस्थायी योग्यताक्रमका उम्मेदवारलाई बढीमा ६ महिनाको लागि अस्थायी सिफारिश गर्ने निर्णय भएको हुंदा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | वि. नं. र कार्यालय | पद, सेवा, समूह, उपसमूह र श्रेणी/तह | अस्थायी उम्मेदवार सिफारिश गरिएको | |
|---|---|---|---|---|
| | | | यो.क्र.नं. | नाम, थर |
| ८/०६३-६४ | १५६/०६२-६३, लोक सेवा आयोग, स. अं. का., दिक्तेल | खरिदार, प्रशासन, सामान्य प्रशासन, रा.प.अनं. द्वितीय | अ.यो.क्र.नं. १ | ईश्वर ढुंगाना |

मुद्रण तथा प्रकाशकः लोक सेवा आयोग, तथ्यांक तथा प्रकाशन शाखा
टेलिफोन नं. ४४११०१५, ४४१४१४८, ४४१२८४३
**E-mail: info@psc.gov.np**
**Website: www.psc.gov.np**
फ्याक्स नं. ९७७-०१-४४१९८८५ पोष्ट बक्स नं.: ८९७९, काठमाडौं
मूल्य रु. २।- (दुई)
मिति २०६३/११/१६ गते,